जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ | अंक १६५ | १४ चैत्र २०८०, बुधबार | 27 Mar. 2024 | पृष्ठ ४ | मुल्य रु.५

# भ्रामक समाचारप्रति नेता साहको आपत्ति

*ममता शर्मा*

*महोत्तरी , चैत्र १३ गते*



नेकपा माओवादी पार्टीका नेता तथा प्रदेश सभा सदस्य भरत प्रसाद साहले भ्रामक समाचार बनाएर चरित्र हत्या गर्ने प्रयास गरिएको बताएका छन्। गत मंगलबार न्युज प्रवाह डट कममा प्रकाशित “मधेसमा माओवादीको ओरालो यात्रामा भरत साहको भूमिका” नामक समाचार सत्य र तथ्यविहिन रहेको नेता साहले दावी गरेका छन्। उनले यस्तो बिना प्रमाण समाचार लेख्ने संचारकर्मीमाथि कडा भन्दा कडा कारवाहीको माग गरेका छन् ।

साहले सो समाचारमा आफुलाई पूर्वाग्राही बनाएर विना प्रमाणको एक पक्षीय समाचार लेखिएको आरोप लगाएका छन् । उनले भने , “समाचार एक पक्षीय छ। यसमा मलाई बिना प्रमाण पूर्वाग्राही बनाइएको छ । जबकि मैले सुरुवातको समय देखि माओवादी पार्टीको लागि विभिन्न समयमा मेहनती र लगनशील भएर कार्य गर्दै आएको छु। पार्टीको उन्नति र प्रगतिको लागि आफ्नो कार्यकालमा विभिन्न कार्य गरेको छु। जनताले मेरो काम हेरेर नै मलाई दोश्रो कार्यकालको लागि पनि गतको चुनावमा निर्वाचित गराएको हो मैले सदैव जनताको लागि नै कार्य गरेको छु ।”

नेता साहले समाचारमा ‘मैले गरेको कुनै गलत कार्य भए प्रमाण सहित खुलाउनुपर्ने’ बताए । तर समाचारमा एउटा पनि कुरा प्रमाण सहित नलेखिएको भेटिएकोले उनले खेद प्रकट गरेका छन् । यसरि समाचार लेख्दा सोचविचार नगरी , प्रमाण नजुटाई , सत्य तथ्य नकेलाई समाचार लेख्ने पत्रकारले पित पत्रकारिता गरेको देखिएको उनले बताए। उनले फेरी भने , “संचारक्षेत्रको अवस्था पनि अहिले पहिलाको तुलनामा खस्किदै गएको छ । त्यसको प्रमुख कारण पनि यस्ता यस्ता पत्रकार नै हुन्। जसले सत्यको पक्ष र असत्यको विपक्षमा कलम चलाउन सकेनन् । तसर्थ संचारकर्मीहरुले समाजको हितको लागि , न्यायको लागि कलम चलाउनुपर्छ। होइन भने झुटा र भ्रामक कुरा लेख्नेहरुले पत्रकारिता नगरेकै बेश हुन्छ ।”

मधेशी सहिद प्रतिष्ठान संचालन गरि सहिद परिवार तथा आन्दोलनका क्रममा घाइते , बेपत्ता भएका परिवारको हितको लागि कार्य गरेको छु भन्दै आफ्नो कार्य कालमा यस्ता अनेक कार्य गरेको उनले दावी गरे । उनले भने , यदि मैले पार्टीको हित विपरित कार्य गरेको भए म पुनः प्रदेश सभा सदस्य बन्ने थिइन र पार्टीमा संसदीय दलको नेता पनि बन्ने थिइन । तर महोत्तरी क्षेत्र न. १ को (ख) बाट २०७४ को चुनाव भन्दा २०७९ को चुनावमा बढी मत ल्याएर म बिजयी भए । यो सव मैले पार्टीप्रति गरेको मेहनतको नतिजा हो । उक्त समाचारमा मैले आफ्नो पार्टीका अन्य व्यक्तित्वहरुलाइ थिचोमिचो गर्न खोजेको कुरा लेखिएको छ , जुन सरासर झुट हो, गलत हो। माओवादी पार्टीकै नेता तथा पुर्व शिक्षा विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले महोत्तरी क्षेत्र न. १ को (ख) बाट राम्रै मत पाए ।तर उनले क्षेत्र न. १ को (क) मा कम मत पाएको कारण हार

बाँकी पृष्ठ २ मा


## कतारका वैदेशिक रोजगारीको लागि सुवर्ण अवसर



**कम्पनि : A TO Z SERVICES**

कामदारको पद

OFFICE BOY
TEA BOY
CLEANER
Required : 100 Nos
SALARY: 1000+300 QR

**MORE DETAILS**

DUTY TIME: 8HRS 26 DAYS
BASIC ENGLISH SPEAKING





**FINAL ENTERVIEW**
**2080 चैत्र 13,14,15 गते**

NEW RAM JANAKI TRANING CENTER

BARDIBAS –14MAHOTTARI

9817838138,9862251067,9800863131,9802003638,9802003637



## दिपक पार्टी प्यालेस एण्ड होटल

बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*याँहा विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था ,सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*

टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।

सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६



## भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो

## श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय

गौशाला न.पा. -५ , महोत्तरी

## Diploma in civil Engineering (class 9 to 12 )

**हाम्रा विशेषताहरु :**

- दक्ष अनुभवी र प्राप्त शिक्षक एवं प्रशिक्षक द्वारा अध्यापन गराइने ।
- जेहेनदार , दलित अपाङ्ग विद्यार्थीहरुको निमित्त छात्र वृत्तिको व्यवस्था ।
- कक्षा कोठामा CCTV CAMERA / PROJECTOR को व्यवस्था ।
- कम्प्युटर ल्यावको व्यवस्था भएको ।
- विज्ञान एवं इन्जिनियरिंग ल्याबको व्यवस्था भएको ।
- Physics ,chemistry , soil mechanics , fluid mechanics , survey and structural lab.
- समय समयमा शैक्षिक भ्रमण गराइने ।
- प्रवेश परिक्षामा प्रथम , द्वितीय , तृतीय गर्ने छात्र छात्रालाई १००% ,५०%, २५% छात्रवृत्तिको व्यवस्था (एक वर्षको लागि ) ।



**आवश्यक कागजातहरु :**

कक्षा ८ को प्रवेश पत्रको प्रतिलिपि -१ थान
जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान
पि. पि. साईज फोटो - २ थान

फारम भर्ने मिति २०८० चैत्र १० गते देखि २०८० चैत्र २५ गते सम्म

Entrance preparation class = chaitra 25 27 28

परिक्षा मिति : २०८० चैत्र २९ गते विहिबारको दिन

## श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय

गौशाला न.पा. -५ , महोत्तरी

प्र.अ. विनोद महतो
Mob 9814800989

Co–ordinator : Er Pappu Er Roshan
Mob 9801674850

# सम्पादकीय

**सडक दुर्घटना हुन नदिऔ**

महोत्तरी लगायत समग्र मधेश प्रदेशमै वर्तमान समयमा सवारी दुर्घटना बढ्दो रुपमा रहेको छ । साथै दिनहु जसो दुर्घटना हुने गरेको छ ।

नेपाललगायत विश्वका कतिपय मुलुकमा सवारी दुर्घटनाबाट हुने क्षतिले मुलुकको विकासमा समेत गम्भीर असर पारेको देखिन्छ तर यसको न्यूनीकरणका उपायको बारेमा छलफल नहुँदा मुलुकले ठूलो क्षति व्यहोर्नु परेको छ।

विशेषगरी सडक दुर्घटना मानवीय कारणले हुने भनिए पनि सडक तथा सवारी साधनको अवस्थाका कारण पनि यस्ता घटनाहरू बढेको विज्ञहरूले बताउने गरेका छन्। नेपालमा हरेक दिन ४० देखि ५० ओटा सवारी दुर्घटना हुने गरेका छन्। दैनिक ८ जनाले सवारी दुर्घटनाबाट ज्यान गुनमाउने गरेको देखिन्छ।

सडक दुर्घटनामा परेर हरेक वर्ष २ हजार ९ सय २० जनाले ज्यान गुमाउने गरेका छन् भने त्यसमध्ये पनि ३० प्रतिशत बालबालिकाले ज्यान गुमाउने गरेका छन्। यसले नेपालको उत्पादनशील क्षेत्रमा लगाउनु पर्ने जनशक्तिलाई गुमाउनु परेको छ।

नेपालका सडकको डिजाइन र सडकले थेग्न नसक्ने किसिमका सवारीसाधनको सञ्चालनले पनि दुर्घटना बढ्दै गएको विज्ञहरूले बताउँदै आएका छन्। सडकको दूरवस्था, सवारी धनी, चालक र यात्रुको लापरबाही तथा सरकारको गैरजिम्मेवारीका कारण सवारी दुर्घटना र त्यससँग सम्बन्धित घटना बढिरहेका छन्।

नेपाल प्रहरीको तथ्याङ्क हेर्ने हो भने वार्षिक १४ हजारभन्दा बढी सवारी दुर्घटना हुने गरेको छ। सडक दुर्घटना न्यूनीकरण गर्न सरकारले वर्षेनी करोडौं रुपियाँ खर्च गरे पनि सवारी साधनको जाँच गर्ने निकायको लापरबाही र भएका सडकको दूरवस्थाका कारण दुर्घटनामा कमी आउन नसकेको सरोकारवालाहरूले बताउँदै आए पनि सरकार भने कानमा तेल हालेर बसेको छ।

नेपालमा जब जब ठूला सडक दुर्घटना हुन्छन् त्यसबेला मात्रै यस विषयलाई वहसमा ल्याउने गरिएको छ। त्यसैले यसको न्यूनीकरणका लागि जुन निकायको गल्तीका कारण सडक दुर्घटना भएको छ त्यसबाट पाठ सिक्दै अब आउँदा दिनमा गल्ती नदोहोरिने वातावरण निर्माणमा ध्यान जाओस् ।

# भ्रामक समाचारप्रति ....................

व्यहोर्न पुगे। त्यसको दोषी म होइन। तसर्थ पार्टीका अन्य व्यक्तिहरुलाइ सहयोग नगरेको भनेर समाचारमा गलत टिप्पणी गरिएको छ ।

**पार्टीको लागि गरिएको प्रमुख कार्यहरुप्रति नेता साहको भनाइ यस्तो छ ,**

२४० बर्षीय तानाशाही राजतन्त्रलाई फालेर वर्गीय खाडललाई पुर्न र देशमा जनवादी क्रान्ति सम्पन्न गरी समाजवादको दिशा तर्फ अघि बढ्न, पार्टीले २०५२ साल फाल्गुण ०१ गते जनयुद्धको थालनी गर्‍यो र म त्यस युद्धमा होमिएँ।

मलाई थाहा छ, सो विद्रोहको एक सच्चा सिपाहीको नाताले, मैले आफू र आफ्ना घर-परिवार भन्दा देश र जनतालाई सर्वोपरि ठानी आवश्यक परे देशको लागि बलिदान हुनसमेत पछि नपर्ने सङ्कल्प सहित, युद्धका विभिन्न मोर्चाहरू सम्हालें। सोही क्रममा २०६० साल आषाढ ३ गते महोत्तरीको खयरमारा मा. वि. निर सेनाको गोली हातमा लागी घाइते हुन पुगेँ। तर मेरो अदम्य साहस अनि देश र जनता प्रतिको माया र लगावको कारण कहिल्यै विचलित भइनँ। बरू निरन्तर युद्धकै मोर्चामा एक सच्चा क्रान्तिकारी भई डटिरहें; कहिले जङ्गलमा त कहिले सेना र प्रहरीको बन्द कोठरीमा मेरो बास हुन्थ्यो जो समयको माग पनि थियो। स्मरण रहोस्, युद्धताका मेरो हजुरबुवा, बुवा र भाइले पनि धेरै पटक जेल जीवन व्यतीत गरेका छन्।

यसरी १० वर्षे सशस्त्र जनयुद्धले शाही निरङ्कुशताको जरो हल्लाइदियो र त्यसै बेला नेपाली काँग्रेस लगायत विभिन्न राजनीतिक दलहरूसँग एकता कायम गर्दै हाम्रो पार्टीले १२ बुँदे लिखित सम्झौता गरी निरंकुश राजतन्त्रलाई फाल्ने र नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने हेतू अघि बढ्यो। परिणाम स्वरूप १० वर्षे जनयुद्ध र १२ बुँदे सम्झौताको बलमा ०६२/०६३ को जनआन्दोलनले २४० वर्षे शाही राजतन्त्रलाई जरैदेखि नै उखेलेर फाल्न सफल भयो।

अतः यसरी स्थापित भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल र यसको संविधानलाई प्रतिगमनकारी तत्वहरूबाट फेरि पनि बचाउन र युद्धका उपलब्धिहरूलाई जोगाउन ५ दलीय गठबन्धनको साझा उम्मेदवारको रूपमा महोत्तरी क्षेत्र नम्बर १(२) बाट मधेश प्रदेश सभा सदस्यमा मेरो उम्मेदवारी कायम रह्यो र तपाईं आम जनता अनि ५ दलीय गठबन्धनका घटक दलहरूले भगिरथ प्रयत्रुन र अथक मिहिनेत गरी मलाई विजयी बनाउन सफल पनि हुनुभयो।

यसर्थ, युद्धबाट आएको एक सच्चा सिपाहीको नाताले, अनि ५ दलीय गठबन्धनको साझा उम्मेदवार भएको करणले, यस क्षेत्रको विकास र समृद्धिको निम्ति ५ दलीय गठबन्धन घटकलगायत तपाईं आम जनतालाई म कहिल्यै निराश हुन दिने छुइनँ।

पार्टीको लागि , जनताको लागि जहिले पनि हकहितको काम गरेको छु र गरिरहनेछु ।

# कतारमा मनायो होली



*काठमाडौं, चैत्र १३ गते ।*

मधेशी एकता समाज कतारले राजधानी दोहामा चैत्र १२ गते सोमबार होली महोत्सव धुमधामका साथ मनाएको छ । तराईमधेशमा होली मनाइएको दिनको अवसर पारेर एकता समाजले परम्परागत तरिकाले रंगहरुको पर्व मनाएको हो ।

मुस्लिमहरुको पवित्र रमजान महिना अहिले जारी रहेकोले होलीसँगै उनीहरुले इफ्तार कार्यक्रम समेत राखेका थिए । होली कार्यक्रमको मुख्य आकर्षणको रुपमा उनीहरुले एक अर्कालाई रंग अबिर दलेर शुभकामना आदान प्रदान गरेका थिए । यस्तै उनीहरुले परम्परागत बाजाको तालमा जोगिरा र होली गीत गाएका थिए । त्यस अवसरमा मालपुवा, पुरी, तरकारी, चटनी र तरुवालगायका मधेशका परिकार उनीहरुले पकाएर खाएका थिए । एकता समाज कतारका अध्यक्ष शिवकुमार महतोले होली कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो भने महासचिव चन्द्रवीर यादवले कार्यक्रम संचालन गर्नुभएको थियो ।

मनिष यादव, लालबाबु साह, तेजीलाल मण्डल, विशेश्वर यादव, चन्द्रवीर यादवले सबै अतिथि तथा सहभागीहरुलाई स्वागत गर्नुभएको थियो । त्यस अवसरमा मधेशी एकता समाजका संस्थापक एवं अन्तर्राष्ट्रिय समितिका संयोजक डा. रवीन्द्र कुमार यादवले होलीको शुभकामना दिनुहुँदै समाजलाई अझ सुदृढ बनाउनेबारे छोटो मन्तव्य राख्नुभएको थियो ।

यस्तै, पवन ठाकुर, अभय ठाकुर, गौतम शर्मा, राम हृदय साह, कमलेश महतो, गंगा यादव, संजीव साह, राजा साह, श्याम साह, धर्मेन्द्र गुप्ता, मनिष गोस्वामी, जयप्रकास यादवलगायतका कतारमा रहेका मधेशीसँग सम्बन्धित विभिन्न संस्थाहरुको व्यक्तिहरुको रंगारंग कार्यक्रममा उपस्थिति थियो ।

# वर्षाको कारण अन्नबालीमा क्षति

*मनिषा कुमारी*

*महोत्तरी , चैत्र १३ गते*

महोत्तरीमा बर्षाको कारण किसानले लगाएको अन्न बालीमा क्षति भएको छ ।

मंगलवार बिहान परेको वर्षाले जिल्लाको तल्लो भेगका अधिकांश स्थानीय तहमा लगाएको अन्न बालीमा क्षति पुगेको छ ।आज परेको पानीले पाक्न लागेको गहुँ, पाकीसकेको जौ र तरकारी बालीलाई क्षति पुगेको हो ।

पानी परेसंगै आएको हावाहुरीले पाक्न लागेको गहुँ, जौ फलेको तरकारी र पलाएको आँप बगैचामा क्षति भएको महोत्तरी जिल्लाको सोनमा गाउँपालिका वडा ४ खेस्रहा निवासी राजेन्द्र यादव बताएका छन् ।



त्यसै गरि जिल्लाकै गौशाला नगरपालिका वडा न.४ रजखोर निवासी रामचन्द्र साहले लगाएको १ विघा मध्य १० कट्ठा खेतमा लगाइएको गहुँ , तरकारी र आँप पलाएको बगैचामा क्षति भएको गुनासो गरे । किसानलाइ जुन बेला पानीको आवश्यकता परेको हुन्छ त्यो बेला पानी नपरेर अरुबेला पानी परेपछि किसानले लगाएको बालीमा क्षति पुग्ने भएकोले किसानलाई समस्या हुने उनको भनाइ छ ।


विज्ञापन गराउन

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस ।

विस्तृत जानकारीको लागि

रेडियो जुनतारा१०३.४ मेगाहर्ज

गौशाला महोत्तरी

सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह

सम्पर्क न. :९८२९९३६३९८


## आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |


भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल

भंगहा न.पा. ७ गोरहन्ना बजारमा

भर्ना खुल्यो

NEW ADMISSION OPEN

हाम्रा विशेषताहरु

- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई
- छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था
- यातायातको व्यवस्था
- स्कूलको आफ्नै भवनमा पठनपाठनको व्यवस्था
- नर्सरी कक्षा देखि ८ कक्षा सम्मको व्यवस्था
- प्रत्येक कक्षाकोठामा अअकेमरको व्यवस्था



थप जानकारीको लागि

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल

भंगहा न.पा. ७ गोरहन्ना बजार

प्रिन्सिपल :वद्री राय दनुवार ,९७०२९०७००५ ,९८२७७०४१३३

# बसमा मोटरसाइकल ठोक्किँदा युवकको मृत्यु



*सर्लाही, चैत १३ गते ।*
पूर्व-पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको हरिवन नगरपालिका-९, नयाँ रोडमा मङ्गलबार बिहान रोकिराखेको बसमा मोटरसाइकल आएर ठोक्किँदा एक युवकको मृत्यु भएको छ ।

दुर्घटनामा अर्को एक युवक गम्भीर घाइते भएका छन् । मङ्गलबार बिहान साढे ३ बजेतिर विष्णुपुरबाट नयाँ रोडतर्फ आउँदै गरेको बा ३८ प ४२८५ नम्बरको मोटरसाइकल रोकिराखेको ग १ ख ८६०९ नम्बरको बसमा पछाडिबाट ठोक्किएर दुर्घटना भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका २५/२६ वर्षका दुई युवकलाई उपचारका लागि प्रादेशिक अस्पताल मलङ्गवा पुऱ्याउँदा एक जनालाई चिकित्सकले मृत घोषणा गरेको सर्लाही प्रहरीका प्रवक्ता (डिएसपी) दीपेन्द्र पन्जियार थारुले जानकारी दिनुभयो । उहाँका अनुसार गम्भीर घाइते अर्को युवकको प्रादेशिक अस्पताल वीरगन्जमा उपचार भइरहेको छ ।

डिएसपी थारुका अनुसार मृतक र घाइते दुवैको पहिचान खुल्न बाँकी छ । घाइतेका अभिभावक सम्पर्कमा आएका र उनीहरू आएपछि मृतक र घाइतेको सनाखत हुने प्रहरीले जनाएको छ ।

दुर्घटनापछि रोकिराखेको बस प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको डिएसपी थारुले बताउनुभएको छ ।

# बर्दिबासमा दुर्घटनामा परेर दुई जनाको मृत्यु

*रवीन्द्र उप्रेती*
*बर्दिबास, चैत १३ गते।*




महोत्तरीको छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। ट्राफिक प्रहरी कार्यालय बर्दिबासका अनुसार लोहारपट्टी नगरपालिका ७ भमरपुरास्थित बलवा जनकपुर भित्री सडकमा मोटरसाइकलले ठक्कर दिँदा सोही ठाउँकी ४५ वर्षीया निर्मलादेवी साहको मृत्यु भएको हो। जनकपुरबाट आउँदै गरेको ज ११ प ५७९ नम्बरको मोटरसाइकलले पैदल जाँदै गर्दा साहलाई सोमबार साँझ ठक्कर दिँदा अवस्था गम्भीर भएको थियो। जनकपुरस्थित प्रादेशिक अस्पतालमा भर्ना उहाँको उपचारको क्रममा मङ्गलबार बिहान मृत्यु भएको जिल्ला ट्राफिक प्रमुख रामभक्त भट्टराईले जानकारी दिनुभयो। दुर्घटना लगत्तै ट्राफिकले मोटरसाइकल र चालक धनुषा जिल्ला धनौजी गाउँपालिका १ लखौरीका २५ वर्षीय जयशङ्कर राउतलाई नियन्त्रणमा लिएको छ। त्यस्तै बर्दिबासबाट होली खेलेर जाँदै गरेका एक जनाको सवारी दुर्घटनामा मृत्यु भएको छ।

बर्दिबास २ का ३५ वर्षीय पूर्णबहादुर क्यापछाकीको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ। बर्दिबासबाट बा ७८ प ५३ नम्बरको मोटरसाइकलमा सवार क्याप्छाकीको वडा नम्बर ५ हात्तीलेटतर्फ जाने क्रममा दुर्घटना भएको थियो। प्रहरीका अनुसार तीव्र गतिका कारण मोटरसाइकल असन्तुलन भएर विद्युत् पोलमा ठोक्किन जाँदा अवस्था गम्भीर भएको थियो। उपचारका लागि बर्दिबासस्थित शुभ स्वस्तिक अस्पतालमा पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरेको बर्दिबास प्रहरीले जनाएको छ।

# एम्बुलेन्सले ठक्कर दिँदा एक जनाको मृत्यु

जनकपुरधाम - धनुषाको नक्टाझिझमा मोटरसाईकललाई एम्बुलेन्सले ठक्कर दिँदा एक जनाको घटनास्थल मै मृत्यू भएको छ ।मिथिला नगरपालिका वडा नम्बर २ नक्टाझिझ स्थित सोमवार साझ अस्पतालको एम्बुलेन्सले मोटरसाईकललाई ठक्कर दिँदा एक युवकको घटनास्थल मै मृत्यु भएको प्रहरीले जनाएको छ ।ढल्केवर-जनकपुर सडकखण्डमा ढल्केवर तर्फबाट जनकपुरतर्फ जाँदै गरेको प्रदेश २-०२-००१ प ८७१२ नम्बरको एम्बुलेन्सले मिथिला नगरपालिका वडा नं. ३ मर्धर बस्ने जितेन्द्र महतोले चलाएको मोटरसाईकललाई ठक्कर दिँदा घटनास्थल मै मृत्यू भएको हो ।

होलीमा मादक पदार्थ सेवन गरेर सरोजले चलाएको मोटरसाइकल सडक पार गर्न खोज्दा तीव्र गतिमा रहेको एम्बुलेन्सले ठक्कर दिएको स्थानीयहरुले जनाएको छ । ज ११ प १९९ नम्बरको मोटरसाईकलमा सवार जितेन्द्र महतोको घटनास्थल मै मृत्यू भएको हो। मोटर साइकलमा पछाडि बसेका सरोज महतो गम्भिर घाइते भएको छ। उनको अवस्था नाजुक रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रञ्जन अवालेका अनुसार, एक जनाको मृत्यू भएको र अर्काको उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरमा ल्याएको छ ।


## गौशाला कान उपचार केन्द्र

गौशाला- ५ ,महोत्तरी
( निगौल गाई गौशाला -५ गोरु बजार नजिक नँया भवनको माथिलो तल्लामा )
**सम्पर्क न. ९८१४७८६९२१ , ९८१५७४६३१५**

**हाम्रो सेवाहरु**
१ ओ.पि.डी सेवा प्रत्येक दिन (बिहान १० हजे देखि ४ बजे सम्म )
२ गौशालामा ओ.पि.डी सेवा प्रत्येक दिन सोमबार र विहिबार (बिहान १० हजे देखि ४ बजे सम्म )
३ जर्मनी अटोस्कोप मेशिनद्वारा कान जांच गरिन्छ ।
४ कान कम सुन्नेहरूलाई डिजिटल मेशिनद्वारा श्रवन परिक्षण गरिन्छ ।
५ कान कम सुन्नेलाई श्रवन यन्त्र ( hearing aid ) पाइन्छ ।
६ कानको जालीमा प्वाल परेको /हड्डी कुहिएको ,मासु पलाएको कानमा पनि जमेको,काम कम सुन्ने कान कान रोगीहरुलाई (ENT surgeon )द्वारा अप्रेशन पनि गरिन्छ॥

**साथै : कान पाक्ने (पिप आउने) कान दुख्ने,कान कम सुन्ने कान कराउने ,कान चिलाउने जस्ता रोगीहरुले समयमै कान जांच गराई बहिरोपन हुन् बात बाँचौ र अरुलाई पनि बाचाऔ ।**

## बर्दिबास कान उपचार केन्द्र प्रा.लि.

बर्दिबास -१४ बजार मन्दिर नजिक,महोत्तरी
सम्पर्क न. ९८४०९०१३५३ , ९८१५७४६३१५


## दैनिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) आज साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा) अल्छीपन र आलस्य नत्यागेमा आँटेको काममा सफलता नमिल्न सक्छ । आर्थिक कारोबारमा विवाद आउनेछ ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) आज स्वादिष्ट भोजन पाइनेछ । मनोरञ्जनमा सहभागिता भइएला ।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) सानातिना समस्यामा अल्झनुपर्नेछ । पाचनप्रणालीमा समस्या देखिनसक्छ ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) न्यायिक कार्यमा सफलता मिल्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आफन्तजन सँग मनमुटाब बढ्नेछ सवारी साधन तथा यात्रा गर्दा विशेष ध्यान दिनुहोला ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज धार्मिक, सामाजिक महत्वको क्षेत्रको भ्रमण हुनसक्छ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ ।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) आज आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**मकर** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज राजनीति तथा समाजसेवामा जनताको साथ तथा समर्थन पाइने हुनाले सार्वजनिक पद पाउने योग रहेको छ ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) विशिष्ट व्यक्तिको साथ पाइनेछ । आँटेको र ताकेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।


**भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।**
PG To Grade 6

ADMISSION OPEN

नेपाल सरकार द्वारा मान्यता प्राप्त
"Excellent education is our passion"
**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**

**शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,**
**आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,**
**जि.डी.एम. स्कूल, अब तपाईकै शहरमा हार्दिक स्वागत गर्दछौं ।**

**हाम्रा विशेषताहरु:**
- ➡ खुल्ला प्रतियोगिताद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराईने,
- ➡ शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- ➡ विद्यालय प्राङ्गणमै, यथेस्ट खेल मैदान भएको,
- ➡ Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- ➡ कक्षा १ देखि नै कम्प्यूटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- ➡ नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- ➡ गुणस्तरीय पुस्तककालयको (E-Library) को व्यवस्था भएको,
- ➡ कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- ➡ शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- ➡ Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- ➡ गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- ➡ Hostel/Day Hostel को उचित व्यवस्था भएको,

***Why choose us?***
- ⇨ Nurturing Environment
- ⇨ Experienced Educators
- ⇨ Playful Learning
- ⇨ Holistic Development
- ⇨ Child-centric learning
- ⇨ Well-equipped Computer Lab
- ⇨ Child friendly, clean & safe invironment
- ⇨ Kids club & Audio-Visual system
- ⇨ Mud station, play station & many

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**
G.D.M. ENGLISH BOARDING SCHOOL
*संस्कारयुक्त शिक्षा*
***PG To Grade 6***
Gaushala-5, Mahottari Near to Brahamsthan
Contact.-9801605172, 9815840565, 9867807469
gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

# स्न्यापच्याट कत्तिको सुरक्षित ?

जसै नेपालमा इन्टरनेटको पहुँच विस्तार हुँदै गइरहेको छ, त्यही अनुसार विभिन्न सामाजिक सञ्जालको प्रभाव पनि बढ्दै गइरहेको छ । विश्व परिवेश हेर्दा भने सामाजिक सञ्जालका कम्पनीमाथिको प्रश्न बढ्दो छ ।

फोटोलाई तोडमोड गर्नेदेखि राजनीतिक प्रभाव, विद्रोह र नरसंहारसम्मका मुद्दामा सामाजिक सञ्जालको भूमिका हुन सक्ने शङ्का पछि प्रश्न उठ्नु स्वाभाविक नै छ। यस्तोमा अमेरिकी कम्पनी स्न्यापच्याट भने यी विवादहरूबाट बच्न प्रयास गरिरहेको जस्तो देखिन्छ । तर प्रयोग गर्ने सन्दर्भमा स्न्यापच्याट साँच्चै के सुरक्षित छ त ?

स्न्यापच्याट के हो, यसले कसरी काम गर्छ ?

छोटोमा बुझ्दा, स्न्यापच्याट एन्ड्रोइड र आईफोनका लागि मोबाइल एप हो। यसबाट पठाइने फोटो, भिडिओ र मेसेज केही समय भित्रमा स्वतः डिलिट हुन्छन् ।

सामाजिक सञ्जालको सन्दर्भमा यो फिचर नयाँ/फरक भए पनि अहिले मेटाले फेसबुक र इन्स्टाग्राम र गुगलले युट्युब सर्ट्समा यही प्रकारको फिचर ल्याइसकेको छ । नेपालमा पनि टिकटक प्रतिबन्ध पछि यसको प्रयोगकर्ता उल्लेख्य मात्रामा बढेका छन् ।

कम्पनीको २०२३ को तेस्रो चौमासिक अनुसार स्न्यापच्याटलाई ४० करोड बढीले दैनिक र ७४ करोडले दैनिक प्रयोग गरिरहेका छन् । कम्पनीले एपमा सशुल्क योजना पनि उपलब्ध गराउने गर्छ । जसलाई कम्पनीले स्न्यापच्याट प्लस नाम दिएको छ ।

यद्यपि यो ऐच्छिक विकल्प हो । स्न्यापच्याट प्लस गर्ने प्रयोगकर्ताहरूले एपमा आएका नयाँ फिचर र थप अन्य प्रिमियम सुविधा प्रयोग गर्न पाउँछन् ।

तल स्न्यापच्याटको केही प्रमुख फिचरबारे दिइएको छः

स्न्याप्सः अर्को प्रयोगकर्तालाई पठाइएको फोटो, भिडियो जस्ता मेसेजलाई स्न्यापका रूपमा बुझिन्छ ।

स्टोरिजः स्न्यापहरूलाई लिएर प्रयोगकर्ताले स्टोरी बनाउन सक्छन् । जसलाई प्रयोगकर्ताको फलोअर्स अथवा छानेका साथीहरूले हेर्न सक्छन् । त्यस्ता स्टोरी प्रायः २४ घण्टासम्म रहने गर्छ । तर ती मेमोरी अर्काइभका पनि रहन्छन् ।

मेमोरिजः स्न्याप अथवा स्टोरीको यो सम्झना हो । जुन पछिका दिनमा हेर्न मिल्छ ।

डिस्कभरः स्न्यापच्याटले पैसा कमाउने माध्यम मध्ये एक हो, डिस्कभर । एपको यस भागमा कर्पोरेट ब्रान्ड र कम्पनीहरूले बनाएका स्टोरीहरू देखा पर्छ । यदि तपाईंले यसको प्रिमियम भर्सन प्रयोग गर्नुहुन्छ भने यसमा समाचारका हेडलाइनहरूसमेत देख्न सक्नुहुन्छ ।

स्पटलाइटः यो पनि डिस्कभर जस्तै छ । यसमा बिजनेस, क्रियटर लगायतका प्रयोगकर्ताले बनाएका भिडिओहरू देखा पर्छ ।

च्याटः प्रयोगकर्ताहरूले यसबाट रुएकअर्कासँग कुराकानी गर्न सक्छन् । यसमा टेक्स्ट, फोटो, भिडिओ कल आदि सपोर्ट गर्छ । साथै पैसा पनि यसबाट पठाउन सकिन्छ ।

फिल्टर्सः फोटो वा भिडिओलाई थप आकर्षक बनाउन आवश्यक पर्ने विभिन्न कुराहरू फिल्टरमा हुन्छन् । यसमा विभिन्न समय, वातावरण, भूभाग लगायतका फिल्टर पाइन्छन् ।

लेन्सेसः यस फिचरले तपाईंको वातावरणलाई पुरै परिवर्तन गर्छ । प्रयोगकर्ताले आफ्नो संसारलाई जीवन्त बनाउन सुन्दर र आकर्षक थ्रीडी वस्तु समेत थप्न सक्छन् ।

बिटमोजीः अवतार बनाउने यो छुट्टै एप हो । जुन स्न्यापच्याट अन्तर्गत नै रहेको छ । सोहीकारण एपमा पनि यसको प्रयोग निकै गरिएको छ । जब यी दुई एप एकअर्कासँग लिङ्क गरिन्छ, तब प्रयोगकर्ताहरूले आफ्नो बिटमोजी अवतारसँग लेन्समा पहुँच पाउन सक्नुहुन्छ ।

स्न्यापम्यापः यस फिचरबाट प्रयोगकर्ताले आफ्नो वास्तविक लोकेसन अरूलाई देखाउन र अरूको लोकेसन पनि देख्न सक्छन् । ती प्रयोगकर्ताहरूलाई भने बिटमोजी आईकनले जनाइएको हुन्छ ।

स्न्यापकोड्सः यी क्यूआकार कोड हुन् । यसको मद्दतबाट प्रयोगकर्ताले सजिलै अर्को व्यक्तिसँग जोडिन सक्छन् ।

माई एआईः एपमा हालै आएको यो नयाँ फिचर हो । च्याटजीपीटीमा आधारित जेनेरेटिभ एआई च्याटबट हो । यसमा कम्पनीले थप केही विशेषता थपेको छ । यसबाट कुराकानी गर्न निकै रमाइलो र सजिलो हुन्छ ।

बालबालिका र किशोरकिशोरीका लागि कति सुरक्षित ?

सिद्धान्ततः बालबालिकाले स्न्यापच्याट लगायत कुनै पनि सामाजिक सञ्जाल चलाउनु हुँदैन । तरै पनि तुलनात्मक रूपमा १२/१३ वर्षका बालबालिकाले परिवारको प्रत्यक्ष निगरानीमा सामाजिक सञ्जाल चलाउन सक्छन् । अहिलेका सबैजसो कम्पनीहरूले उमेर हद राख्दै बालबालिकालाई सामाजिक सञ्जाल चलाउनबाट रोक्ने प्रयास गरेका छन् ।

तर समस्या यो हो कि स्न्यापच्याट चलाउने ठूलो संख्यामा उनीहरू पर्छन् । यद्यपि च्याट, स्टोरी, लोकेसन शेयरिङमा गोपनीयता सेटिङहरू छन् । तर बालबालिका र किशोरकिशोरीले अझै पनि उनीलाई प्रभाव पार्न सक्ने अनैतिक र यौन सम्बन्धीका कुराहरू देख्न सक्छन् ।

प्रायः आफ्नो साथीहरूसँग अनलाइनमा जोडिने उद्देश्यले उनीहरू एप चलाउने गर्छन् । तर एप प्रयोग गर्ने उनीहरूबाहेक अन्य व्यक्ति पनि हुन्छन् । ती मध्ये कतिपय गलत नियत राख्ने हुन सक्छन् । जसले सम्प्रेषण गरेका कन्टेन्ट बालबालिका वा किशोरकिशोरीको फिडमा आउन सक्छन् । अनि, उनीहरू स्वयंले गोपनियता सम्बन्धीको सेटिङ परिवर्तन गर्न सक्छन् ।

१८ वर्ष मुनिका जो कोहीले स्न्यापच्याट प्रयोग गर्दा सबैभन्दा खतरा हुने पक्ष यौन सम्बन्धीका कुरा उनीहरूले हेर्न सक्नु हो । किनकी स्न्याप केही क्षणसम्म रहने फोटो/भिडिओसँग सम्बन्धित छ। त्यसो हुँदा उनीहरूले आफ्नो मोबाइलमा त्यस्ता कन्टेन्ट नरैखिकनै हेर्न सक्छन् । फेरि, त्यस्ता कन्टेन्टहरूको स्क्रिनसट वा स्क्रिन रेकर्डिङ गर्न एप स्वयंले रोक्न सक्दैन । अथवा त्यस्ता व्यक्तिहरूलाई उनीहरूले प्रत्यक्ष भेट्न समेत सक्छन् । त्यस गतिविधिलाई रोक्ने त एपको कुरै भएन ।

तथापि अभिभावकको निगरानीमा रहेर एप चलाउँदा भने यस्तो खतरा नहुन सक्छ । एपको 'फ्यामिली सेन्टर'ले आफ्ना बालबालिकालाई सुरक्षित रूपमा स्न्यापच्याट चलाउन निकै सहयोग गर्छ । जस्तोः त्यस फिचरबाट अभिभावकले आफ्ना बच्चाले बनाउने साथी, पठाउने मेसेज, हेर्ने कन्टेन्टमा पहुँच पाउन सक्छन् । साथै कस्ता कन्टेन्ट हेर्न दिने र कस्ता नदिने भनेर सेटिङ गर्न सक्छन् ।

वयस्कका लागि कति सुरक्षित?

फेसबुक/इन्स्टाग्राममा भन्दा तुलनात्मक रूपमा स्न्यापच्याटमा वयस्क सुरक्षित हुने बताइन्छ । यदि वयस्क प्रयोगकर्ताले चाहे आफूलाई हानी पुऱ्याउन सक्ने कन्टेन्टहरू आफ्नो फिडमा आउनबाट रोक्न सक्छन् ।

त्यसो भन्दैमा वयस्का लागि एप पुरै सुरक्षित छ भन्ने होइन । स्क्याम र डेटा चुहावट, वयस्कहरूका लागि ठूलो चुनौती हुन सक्ने विषय हुन् । विगतमा डेटा सुरक्षासँग एपको नराम्रो इतिहास छ । अनि, एपको 'माई एआई' अर्को समस्या हुन सक्ने विषय हो ।

'माई एआई'सँग प्रयोगकर्ताले गरेको कुराकानीलाई कम्पनीले आफ्नो फाइदाका लागि प्रयोग गर्न सक्छ । विशेषतः उक्त मोडलको सुधार गर्न र प्रयोगकर्तालाई विज्ञापन देखाउन त्यस बटमा गरिएको कुराकानीलाई कम्पनीले प्रयोग गर्न सक्छ ।

वयस्क मात्र नभएर बालबालिका र किशोरकिशोरीका लागि पनि यो उही समस्या हो । अझ डेटा सुरक्षाको विषय मात्र नभएर एआईले उनीहरूलाई गलत जानकारी र प्रतिक्रिया दिन सक्छ । त्यो अर्को समस्या हो ।

स्क्यामको कुरा गर्दा अन्य प्लेटफर्म सरह स्न्यापच्याटमा समस्या हुन सक्छ । फिसिङ, नक्कली गिभअवे जस्ता स्क्याम यसमा हुन सक्छन् । विशेषतः कसलाई फलो गर्ने वा साथी कसलाई बनाउने भन्ने कुरामा ध्यान दिए स्न्यापच्याट सुरक्षित हुन सक्छ । त्यस्तै जोकोहीलाई पैसा नपठाउने, एपमा आएका प्रभोलन देखाइएका विज्ञापनमा नफस्ने जस्ता कार्य गर्दा समेत एप सुरक्षित हुन सक्छ ।

छोटोमा थप प्रश्नोत्तर

स्न्यापच्याटमा व्यक्तिगत फोटो बनाउनु कति सुरक्षित ?

अनलाइन माध्यमबाट कसैलाई व्यक्तिगत फोटो पठाउनु अघि निकै सचेत हुन पर्छ । आफ्ना आफन्त र विश्वास गरेका व्यक्तिलाई पठाउँदा सम्म ठिकै हो । तर गोप्य फोटोहरू पठाउँदा भने निकै सतर्क र सचेत हुन पर्छ ।


लामखुट्टेबाट जोगिने र लामखुट्टे नियन्त्रण गर्ने उपायहरू




- पूरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने



- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने



सम्सी गाउँपालिका
सम्सी , महोत्तरी



भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सरस्वति पुजाको अवसरमा यस राम जानकी इंगलिस बोर्डिंग स्कूल सम्पूर्ण गौशाला नगरवासी , विद्यार्थी भाईबहिनि तथा अभिभावकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस स्कूलमा माध्यमिक तहमा नया/ शैक्षिक सत्र २०८१ बाट प्रवेश गरेको अवसरमा कक्षा ९ को लागि सरस्वति पुजा देखि वैशाख मसान्तसम्म निःशुल्क भर्ना गरिनेछ ।यस अवसरमा आना नानीबाबुहरुलाई समयमानै भर्ना गराई मौकाको फाइदा लिनुहुन अनुरोध गर्दछौं ।

हाम्रा बिशेषताहरु

निःशुल्क



- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था

राम जानकी इंगलिस बोर्डिंग स्कूल
गौशाला -४ जिरोमाइल



प्रिन्सिपल : उमेश कुशवाहा
सम्पर्क न. ९८४४०२७१३० ९८१८१८८७६६

"गौशाला नगरवासीको सान राम जानकी इंगलिस बोर्डिंग स्कूलको पहिचान"


गौशाला खबर उज्यालो नेपालद्वारा संचालित, अध्यक्ष : निरन्जन कुमार साह कार्यालय :गौशाला न.पा.५ ,महोत्तरी ,सम्पादक : सूर्यनारायण साह , **कार्यकारी सम्पादक :भाग्यरेखा ठाकुर**
**email:gaushalakhabar6684@gmail.com** मुद्रक :रि -स्टार अफसेट प्रेस ,गौशाला सम्पर्क न. :९८४४१०१९०८,९८२७८५३६५०